# नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,नौमूले,दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०७८।०८९ च.नं.: मिति.: २०७८।०८।०३

**विषय : प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नौमुले गाउँपालिका ग्रामिण जलस्रोत व्यवस्थापन परियोजनाको लागि चालु आ.व २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं. १ देखी ८ सम्मका परियोजना सम्बन्धित खानेपानी सरसफाइ, जीविकोपार्जन, सुशासन, अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता, कृषि आदी सम्बन्धिको भिडियो समाचार, डकुमेन्ट्री, राष्ट्रिय स्तरको (क) वर्गको दैनिक पत्रिका र राष्ट्रिय स्तरको टेलिभिजनमा तपसिल अनुसारको विवरणमा तयार गरी प्रकाशन तथा प्रशारण गर्नु पर्ने भएको हुदाँ सम्बन्धित ईच्छुक व्यवसायीक फर्महरुबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

.....................................
भुपेन्द्र शाही
नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिल

**गाउँपालिकामा बनाईने समाचार तथा डकुमेन्टी का लागी आधारभुत कार्यहरु ।**

- **भिडियो निर्माण का लागी विवरण**

१) भिडियो साईज १०८० फुल एच डी मा निर्माण हुनु पर्ने ।
२) परियोजनासंग सम्बन्धित क्रियाकलापहरुको कम्तिमा ८ देखी १० मिनेटका कम्तीमा तीनवटा र समग्र गाउँपालिकाको १ घण्टा बराबरको भिडियो डकुमेन्ट्री तयार गर्नु पर्ने छ।
३) राष्ट्रिय टेलीभिजनमा समाचार १ देखी ३ मिनेट अवधीकोको प्रशारण क्लिप उपलब्ध गराउनु पर्ने छ।
४) भिडियो निर्माण गर्दा स्वयम व्यक्ति स्थलगत रुपमा उपस्थित भै गर्नु पर्ने छ।
५) स्क्रिप तैयार गर्ने कार्य स्वयमले गर्नु पर्ने छ।
६) अडियो सम्पादन तैयार गर्ने कार्य स्वम ले गर्नु पर्ने छ।
७) प्रसारण भएको भिडियो, रिपोट भिडियो र ओरिजिनल भिडियो क्लिपहरु डिभिडिमा पेश गर्नु पर्ने छ
८) क्यामारा म्यान स्थलगत दृष्य लिने कार्य र डकुमेन्टी तैयार को खर्च सबै एकै हुने छ।
९ ) ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको डकुमेन्ट्री १ वटा , समग्र गाउँपालिकाको डकुमेन्ट्री १ वटा र प्रशासण भएका समाचारका भिडियो क्लिपहरु ५।५ वटा पेश गर्नु पर्ने छ।

- **पत्रिका को लागी विवरण ।**

१) राष्ट्रिय दैनिक पत्रीका क वर्ग मा ५।५ वटा समाचार छापीयको हुनु पर्ने छ।
२) प्रत्येक स्टोरी ८ सय देखी १२ सय शब्दमा तस्वीर सहित छापिएको हुनुपर्ने छ।
३) कर्मचारीको उपस्थीतिमा स्थलगत रिपोटिङ हुनु पर्ने छ।
४) पत्रिकमा छापिएको पुरै कागज पेपर उपलब्ध हुनु पर्ने छ।
५) दृष्य सम्पादनमा कैद गरियका तस्वीर ओरिजिनल पेनड्राईभमा पेश गर्नु पर्ने छ ।

Scanned with CamScanner